# तुर्माखाँद गाउँपालिका
TURMAKHAND RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
तुर्माखाँद,अछाम, सुदूरपश्चिम प्रदेश,नेपाल
Turmakhand, Achham, Sudurpashchim, Province,Nepal

CM: 9848690588
V- CM : 9860141000
CAO : 9858029556
ITO: 9844119714


प.सं. २०८१/०८२
च.नं. ................

मितिः २०८१/०५/३०
ने.स.११४४ जंलाथ्व ,१२ आइतबार

गाउँ कार्यपालिकाको कार्यालय तुर्माखाँद,अछाम सुदुरपश्चिम प्रदेश,नेपाल २०७३

**विषयः जानकारी सम्बन्धमा।**

यस तुर्माखाँद गाउँपालिकाको आ.व.२०८१/०८२ को बजेट आजका मिति सम्म पनि पारित हुन नसकेकोमा दुःख व्यक्त गर्दछु। समयमै बजेट पारित न भै पालिकाको विकास निर्माण तथा अन्य गतिविधिमा पर्न गएको असहजताप्रति गहिरो दुःख व्यक्त गर्दछु। बजेट पारित हुन नसक्ने अवस्था के, कति र कसका कारणले उत्पन्न भयो भन्ने विषयमा आम तुर्माखाँदबासी दाजुभाई तथा दिदीबहिनीहरुलाई सुसूचित गराउनु पालिका प्रमुखको हैसियतले आफ्नो कर्तव्य ठानी देहाय बमोजिम बुँदागत रुपमा जानकारी गराउन चाहन्छु।

१. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८१ जेष्ठ २२ र जेष्ठ २८ गते बोलाइएको बैठकमा समितिका बहुसंख्यक सदस्यहरु अनुपस्थित भएपछि बैठक प्रभावित हुनु,

२. मिति २०८१ असार २ गते पुनःआव्हान गरिएको बजेट सिमा निर्धारण समितिको बैठकमा दिनभर पटक पटक पहल गर्दा बेलुका ६ बजेमात्र गणपूरक सङ्ख्या पुऱ्याई असार ३ गते कार्यपालिकाको बैठकबाट साझा बुझाइकासाथ अगाडि बढ्ने निर्णय भएको,

३. स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षको अन्त्यमा चालू आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थाको समीक्षा गर्नुपर्ने र प्रत्येक वर्ष असार १० गते भित्र आगामी आ.व.को वार्षिक नीति तथा कार्यक्रम र बजेट गाउँ सभा समक्ष पेश गरिसक्नु पर्ने प्रचलित कानूनको व्यवस्था अनुसार मिति २०८१ असार ३ गते बसेको गाउँ कार्यपालिकाको बैठकले चालु आ.व.को बजेट कार्यान्वयनको अवस्था र नयाँ आ.व.२०८१/०८२ को लागि वार्षिक नीति तथा कार्यक्रम पेश गर्न असार ९ गते दिउँसो १ बजे तथा वार्षिक आय व्यय सहितको खर्चको अनुमान (बजेट) पेश गर्न असार १० गते दिउँसो १ बजे गाउँ सभाको आव्हान गर्ने निर्णय सर्वसहमतिका साथ पारित गरेको,

४. मिति २०८१ असार ७ गते नियमित रुपमा बस्ने गरेको गाउँ कार्यपालिकाको बैठक म लगायत ३ जना अन्य सदस्य बाहेक अरु सबै अनुपस्थित भएको हुँदा पुनः असार ९ गते बिहान ८ बजेका लागि अर्को बैठक आव्हान गरिएको,

५. मिति २०८१ असार ९ गते बिहान ९ बजे बसेको कार्यपालिकाको बैठकबाट आ.व.२०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र आर्थिक विधेयक सम्बन्धमा छलफल गरी स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने निर्णय अनुसार सोही दिन दिउँसो १ बजे बसेको गाउँ सभाको बैठकमा पेश गरिएको,

६. असार ९ गते दिउँसो १ बजे गाउँ सभाको बैठक बसी आ व २०८१।०८२ बार्षिक निति तथा कार्यक्रम र आर्थिक विधेयक सभामा पेश गरीएको।

इन्द्र बहादुर वि.सी.
अध्यक्ष

CM: 9848690588
V- CM : 9860141000
CAO : 9858029556
ITO: 9844119714


प.सं. २०८१/०८२
च.नं. ...............

मितिः २०८१/०५/३०
ने.स.११४४ ञंलाथ्व ,१२ आइतबार

७. मिति २०८१ असार १० गते दिउँसो १ बजे बसेको गाउँ सभाको बैठकले आ.व.२०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र आर्थिक विधेयक पारित गर्दै आ.व.२०८१/०८२ को बजेट (आय व्ययको विवरण) गाउँ सभामा पेश गरिएको,

८. मिति २०८१ असार २६ गते बिहान ११ बजे आ.व.२०८१/०८२ को बजेट (आय व्ययको विवरण) का विषयमा छलफल गर्न बोलाइएको गाउँ कार्यपालिकाको बैठकमा कोही पनि सदस्य उपस्थित नभएकाले बैठक बस्न नसकेको,

९. मिति २०८१ श्रावण ३ गते नेपालगंजमा भएको प्रदेश स्तरीय “हरित उत्थानशील र समावेशी विकास रणनीतिक कार्ययोजना २०२४–२०३४” कार्यक्रममा सहभागी भई श्रावण १५ गते सम्म पालिका संग सम्बन्धित विभिन्न काम (बजेट माग, तुर्माखाँद बहुमुखी क्याम्पस स्वीकृति, प्रशासकीय अधिकृत लगायत) विशेषले काठमाडौं र सुदूरपश्चिम प्रदेशको धनगढी तथा महेन्द्रनगर गएर भाद्र ३ गते मात्रै नयाँ प्रशासकीय अधिकृत सहित पालिकामा पुगेको,

१०. मिति २०८१ भाद्र ७–२६ गते लगातार १० दिनसम्म बसेको गाउँ कार्यपालिकाको बैठकमा आ.व.२०८१/०८२ को बजेटका विषयमा भएको छलफलबाट सहमतिमा पुगी मिति २०८१ भाद्र १७ गते बसेको गाउँ कार्यपालिकाको बैठक सम्म आइपुग्दा कूल ४४ लाख १३ हजार १ सय १८ मात्र बजेट हामीले वितरण गर्न पाउने बाँकी बजेट वडाको बजेट सिलिङ्ग समावेश गर्ने छलफल चल्दा वडाको बजेट कम भयो हामी मान्दैनौ भनेर बहुसंख्यक कार्यपालिका सदस्यहरुले बिरोध जनाउँदै असहमति प्रकट गर्दा मैले पटक पटक सदस्यहरुलाई मार्ग प्रशस्त गर्दा गर्दै राखेका विकल्प सहितका प्रस्तावहरु,

क. म बाहेक बाँकी १५ जना सदस्यहरुको सहमति भए मान्न तयार भएको,

ख. जनप्रतिनिधि र कर्मचारी सहितको अधिकार सम्पन्न समिति बनाई सो समितिले बनाएको बजेट मान्न तयार भएको,

ग. बैठकमै कुन शीर्षक हटाउने वा कुन शीर्षक अन्तर्गतको बजेट घटाउने भन्ने विषयमा छलफल गरेर जान पनि तयार भएको,

घ. अन्तमा म आफै केही छलफल तथा गृहकार्य गरेर थप बजेट व्यवस्थापन गर्दै वडाको सिलिङ्ग बढाउन तयार छु भन्दा सबै सदस्यहरुले सहमति प्रदान गर्नु भयो र मैले १८ गते बसेको कार्यपालिका बैठक समक्ष रु १ करोड २६ लाख १३ हजार १ सय १८ पुर्‍याई अब ढीलो नगरी यसैमा रहेर वडाको बजेट सिलिङ्ग टुङ्ग्याउँ भन्दा सबै जसो सदस्यहरु सहमत हुनु भएको र भाद्र २७ गते गाउँ सभा आह्वान गर्न भाद्र २५ गतेः एक पटक कार्यपालिकाको बैठक बस्ने गरी बैठक टुङ्गिएकोमा दिउँसो करिब २ बजेतिर गाउँ कार्यपालिकाको कार्यालयमा आई प्रमुख प्रशासकीय

डम्बर बहादुर वि.सी.
अध्यक्ष

प.सं. २०८१/०८२

च.नं. ................

मितिः २०८१/०५/३०

ने.स.११४४ ञलाथ्व ,१२ आइतबार

अधिकृतसँग माइन्यूट मागेर १० जना कार्यपालिका सदस्यहरुले आफ्नो असहमति दर्ज गराएको कुराको जानकारी पछि प्रमुख प्रशासकीय अधिकृत मार्फत थाहा पाएको।

११. मिति २०८१ भाद्र २५ गते गाउँ कार्यपालिकाको बैठक बसी पुनः १८ गते गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णय र त्यसमा असहमति दर्ज गरेको विषयमा व्यापक छलफल गर्दा अन्तमा बहुसंख्यक सदस्यहरुले आफूहरुले कुनै एउटा होटलमा बसी सल्लाह गरे बमोजिम गत आ.व.को बजेट सिलिङ् प्रास गरेको बजेट करीब २ करोड २० लाख बराबर नभए नमान्ने बताएपछि मैले उहाँहरुलाई भाद्र १७ गतेको बैठकमा प्रस्ताव गरेका सबै विकल्पहरु खुल्ला रहेको जानकारी गराउँदा सदस्यहरुले पालिकाको प्रशासकीय भवनमा छुट्याइएको बजेट कटौती गर्न जोडदार माग गर्नुभयो। मैले प्रशासकीय भवन बाहेक अन्य योजनाका विषयमा छलफल गर्दै अन्य विभिन्न योजनाहरु मध्येबाट कूल ५६ लाख पुऱ्याई थप तानतुन बनाई जम्मा १ करोड ८२ लाख १३ हजार १ सय १८ भयो अब यसैमा सहमति गरेर जाउँ भन्दा उहाँहरुले हामिलाई २ करोड २० लाख चाहिन्छ अब १ करोड ८२ लाखमा बाकी रहेको बजेट प्रशासकीय भवनबाट घटाएर वडामा सिलिङ्ग दिनु पऱ्यो भन्दा मैले प्रशासकीय भवनबाट बजेट नघटाउ र तपाईहरुले कुनै होटलमा बसेर २ करोड २० लाख चाहिन्छ भनेर नभन्नु फेरी पनि १०/२० लाख कतै बाट घटाएर २ करोड पुऱ्याउन तयार हुदै २६ गते विहान ८ बजेका लागि पुनः बस्ने गरी बैठक सकियो।

१२. वि.स.२०८१ भाद्र २६ गते विहानको गाउँ कार्यपालकाको बैठकमा पुनः छलफल गर्दा २ करोड २ लाख बनाएर आफूले प्रस्ताव गरेको तर बहुसंख्यक सदस्यहरुले पुनः प्रशासकीय भवनको पैसा नघटाए सम्म हामि मान्दैनौं भन्नु भयो त्यसमा मैले अरु सबै विकल्पहरुमा आफू छलफल गर्न र मान्न तयार भएको तर प्रशासकीय भवनमा छुट्याएको वा प्रस्ताव गरेको बजेट घटाउन नसकिने आफ्नो स्पष्ट अडान रहेको जानकारी गर्दै बैठक विना निष्कर्श टुङ्गीएको,

अन्त्यमा आ.व.२०८१।०८२ को बजेट प्रस्तुत गरिरहँदा हामीलाई गत आ.व.२०८०।०८१ मा विनियोजन गरिएको खर्च शिर्षक मध्य रु २ करोड ३८ लाख ३७ हजार ४ सय ५२ रुपैया माथिल्लो तहबाट बजेट कटौति गरि निकासा कम पाएको र त्यसको सम्पूर्ण दायित्व नयाँ आ.व.०८१।०८२ मा थपिन गएको र गत विगतका १८ नं. शीर्षकमा रहेका सबै दायित्व स्वीकार गर्दै यहि आ व मा बजेट विनियोजन गरेर जाने सहमति भई संघ , प्रदेश र अन्य संघसस्था मार्फत हुने साझेदारी तथा म्याचिङ्ग फन्ड अनिवार्य छुट्याउनु पर्ने बाध्यता र पालिका भित्रका सार्वजनिक महत्वका आयोजना तथा कार्यक्रमहरुमा अनिवार्य बजेट व्यवस्थापन गर्नु पर्ने बाध्यताका कारण सदस्यहरुले भने जस्तो वडामा बजेट सिलिङ्ग छुट्याउन नसकिएको भएता पनि प्रत्येक वडाहरुमा चालु तर्फ रु १५ लाख तथा विकास

डम्बर बहादुर वि.सी.

अध्यक्ष

# तुर्माखाँद गाउँपालिका

TURMAKHAND RURAL MUNICIPALITY

# गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

तुर्माखाँद,अछाम, सुदूरपश्चिम प्रदेश,नेपाल

Turmakhand, Achham, Sudurpashchim, Province,Nepal

CM: 9848690588
V- CM : 9860141000
CAO : 9858029556
ITO: 9844119714


प.सं. २०८१/०८२

च.नं. ................

मितिः २०८१/०५/३०

ने.स.११४४ जंलाथ्व ,१२ आइतबार

तर्फ रु १५ देखि २२ लाख सम्म बनाइएको र अन्य विशेष तथा समपूरक र म्याचिङ्ग फण्डतर्फ पनि थुप्रै योजना र कार्यक्रमहरु रहेका

छन् भने पालिका भित्रका कतिपय शाखाहरुलाई बजेट सिलिङ्ग नदिएर वा प्रस्ताव गरेको बजेटमा पनि २० देखि २५ प्रतिशत मात्रै समावेश गराइएकोमा शाखाहरुले बाध्यात्मक परिस्थितिलाई ख्याल गर्दै सहमत भएको अवगत गराउन चाहान्छु। यसरी पालिका प्रमुखको तर्फबाट सहमति र सहकार्यका लागि भएको अधिकतम प्रयासलाई अवमूल्यन गर्दै प्रशासकीय भवनकालागि प्रस्तावित बजेट नै काट्नुपर्ने एक सुत्रीय माग पछाडिको रहस्य के हो बुझ्न सकिएको छैन्। तसर्थ सीमित स्रोत र साधनबाट सबै योजनाहरुलाई यसैपटक सम्बोधन गर्न नसकिने भएकाले प्राथमिकताको आधारमा सम्बोधन हुँदै जाने यर्थाथतालाई आत्मसात गर्दै प्रशासकीय भवन जस्तो पालिकाकै गौरवको योजनामा प्रस्तावित बजेट यथावत राख्दै शिक्षा र स्वास्थ्य तर्फ प्रस्तावित बजेट प्रति सकारात्मक भई साझाँ बुझाइका साथ पालिकाको बजेट पारित गर्ने वातावरण निर्माण गर्न भूमिका खेलिदिन हुन तुर्माखाँदबासी राजनीतिकर्मी, समाजसेवी, वुद्धिजिवी लगायत सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक अनुरोध गर्दछु। साथै २०८१ भाद्र १८ गते बसेको गाउँ कार्यपालिकाको बैठकले गरेको प्रस्तावित बजेट तपसिल बमोजिम रहेको जानकारी गरिन्छ।

डम्बर बहादुर वि.सी.

डम्बर बहादुर वि.सी.
अध्यक्ष

तपसिलः

| | | | | | |
|---|---|---|---|---|---|
| | आ.ब. २०८१।०८२ को जम्मा प्रस्तावित बजेट | ५१३१३३००० | 1 | | |
| | शशर्त तर्फ जम्मा | २९७०९५००० | | | |
| क.स. | कृयाकलाप | प्रस्तावित बजेट | क.स. | कृयाकलाप | प्रस्तावित बजेट |
| 1 | चालु प्रशासनिक खर्च | 80462000.00 | 23 | वडा नं २ | 800000.00 |
| 2 | वडा तर्फको जम्मा चालु खर्च | 12038000.00 | 24 | वडा नं ३ | 1200000.00 |
| 3 | १८ नं भुक्तानी पुजिगत | 13014148.00 | 25 | वडा नं ४ | 1113118.00 |
| 4 | १८ नं भुक्तानी चालु | 7819934.00 | 26 | वडा नं ५ | 1500000.00 |
| 5 | १८ नं भुक्तानी पत्रपत्रिका | 696000.00 | 27 | वडा नं ६ | 1000000.00 |
| 6 | ६ नं वडा कार्यालय समपुरक संघ | 4000000.00 | 28 | वडा नं ७ | 1300000.00 |


Email:- ito.turmakhadmun@gmail.com /info@turmakhadmun.gov.np

Website:- https:// www.turmakhadmun.gov.np


*" शिक्षा, कृषि र जलाधार, समृद्ध तुर्माखाँदको मुल आधार "*

# तुर्माखाँद गाउँपालिका

TURMAKHAND RURAL MUNICIPALITY

# गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

तुर्माखाँद, अछाम, सुदूरपश्चिम प्रदेश, नेपाल

Turmakhand, Achham, Sudurpashchim, Province, Nepal

CM: 9848690588
V- CM : 9860141000
CAO : 9858029556
ITO: 9844119714

प.सं. २०८१/०८२

च.नं. ................

मितिः २०८१/०५/३०

ने.स.११४४ जंलाथ्व ,१२ आइतबार

| | | | | | |
|---|---|---|---|---|---|
| 7 | रहफ भुलु सडक निर्माण समपुरक प्रदेश | 3500000.00 | 29 | वडा नं ८ | 1500000.00 |
| 8 | सरस्वती आबि भवन निर्माण चिसी समपुरक प्रदेश | 3500000.00 | 30 | पालिका बाट विविध योजना कार्यक्रम | 3200000.00 |
| 9 | प्रशासकीय भवन निर्माण म्याचिङ्ग | 16000000.00 | 31 | लक्षित बर्ग | 1000000.00 |
| 10 | विद्यालय अनुदान (शिक्षक बा.वि.के. लेखापाल र का.स. सहित) | 26816000.00 | 32 | प्रकोप कोष | 1000000.00 |
| 11 | थप बालविकास अनुदान ८ | 1640000.00 | 33 | महिला बालबालिका/न्यायिक समिति/सहकारी शाखा | 2300000.00 |
| 12 | थप शिक्षक अनुदान 2 | 488000.00 | 34 | पशु शाखा | 1000000.00 |
| 13 | शिक्षा तर्फका अन्य कार्यक्रमहरु | 6250800.00 | 35 | कृषी शाखा | 800000.00 |
| 14 | स्वास्थ्य शाखा | 5000000.00 | 36 | पुर्वाधार शाखा | 700000.00 |
| 15 | कर्णाली जल परियोजनाको लागि म्याचिङ्ग | 4000000.00 | 37 | प्रधानमन्त्री रोजगार कार्यक्रम शाखा | 400000.00 |
| 16 | इको हिमाल म्याचिङ्ग | 1500000.00 | 38 | सुचना प्रविधि शाखा | 300000.00 |
| 17 | सडक संरचनाहरुको मर्मत | 3500000.00 | 39 | डुङ्गेश्वर रहफ झो.पु.मर्मत | 250000.00 |
| 18 | शुर्य मा.वि. भुलु तादि सडक निर्माण | 2000000.00 | 40 | बर्थिङ्ग सेन्टर जग्गा खरिद स्यालेकरा | 100000.00 |
| 19 | सुर्य माबि भुलु अधुरो भवन निर्माण | 900000.00 | 41 | 2 नं वडा कार्यालय जग्गा खरिद | 150000.00 |
| 20 | भैरबस्थान स्वास्थ्य चौकी अधुरो भवन निर्माण | 1300000.00 | 42 | **जम्मा** | **216038000.00** |
| 21 | कालिकेश्वरी मा.वि.भवन निर्माण | 1000000.00 | 43 | विनियोजन गर्ने बजेट जम्मा | 216038000.00 |
| 22 | वडा नं १ | 1000000.00 | 44 | **फरक** | **0.00** |

डम्बर बहादुर वि.सी.

अध्यक्ष